नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, बारा

# ईलाका प्रशासन कार्यालय

सिमरा, बारा

फोन नं. } ०५३-५२००३३
फ्याक्स }

पत्र संख्या :- ०७६/७८
चलानी नं. :- १२२५
प्राप्त पत्र संख्या र मिति :-

मिति :-२०७७/१२/०८

श्री जितपुर सिमरा उपमहानगरपालिका
नगरकार्यपालिकाको कार्यालय, जितपुर, बारा ।
श्री निजगढ नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, निजगढ, बरा ।

विषय :- नेपाली नागरिकताको सिफारिश गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा नेपाली नागरिकताको प्रमाण पत्र वितरण सम्बन्धि अभिलेखलाई व्यवस्थित, वैज्ञानिक, आधुनिक एव कागज रहित बनाउनका लागि नागरिकताको प्रमाणपत्र जारी गर्दा प्रमाणको रुपमा पेश गरिने अनुसूची लगायतका प्रमाण जन्य कागजातहरु (**supporting document** ) नागरिकताको विस्तृत विवरण रहने गरी स्थापना भएको नागरिकता सूचना व्यवस्थापन प्रणाली (CIMS) मा मिति २०७८/०१/०१ देखि अनिवार्य रुपमा उल्लेखित नागरिकताको प्रमाण पत्र जारी प्रमाणको रुपमा पेश गरिने अनुसूची लगायतका महत्वपूर्ण प्रमाणजन्य कागजातहरु अपलोड गर्ने सम्बन्धमा गृह मन्त्रालयको निर्देशन पत्र प्राप्त भएको हुँदा उक्त निर्देशन कार्यन्वयन गर्ने सन्दर्भमा तहा स्थानीय तहका सबै बडा कार्यालयबाट अनिवार्य रुपमा निम्नानुसार गर्ने व्यवस्था मिलाई आवश्यक सहयोग र समन्वय गरी दिनु हुन अनुरोध छ ।

निम्न :-

१. नागरिकताको अनुसुची फारम र सो अनुसूची साथ संलग्न हुने (जन्म दर्ता, बिबाह दर्ता सिफारिस, ना.प्र.प को फोटोकपी) लगायतका कागजातहरुको साइजमा एकरुपता कायम गरी *A4* साइजको कागजमा मात्र प्रयोगमा ल्याउने । *(अनुसूची फारम A4 साइज भन्दा ठुलो हुनु नहुने र कागज गुणस्तरीय हुनु पर्ने)*

२. बंशज खुल्ने कागज (बुवा आमाको नगरिकता) प्रष्ट बुझिएको हुनुपर्ने ।

३. जन्म मिति, जन्म स्थान र नाता खुल्ने कागजात (जन्मदर्ता) साथै पढेका हकमा शैक्षिक प्रमाणहरु (**SLC/SEE**) को पेश गर्नुपर्ने ।

४. नागरिकताको अनुसूचीमा टाँसहुने फोटोको हकमा हाल साले खिचिएको दुवै कान देखिने प्रष्ट र सफा फोटो मात्र टाँस गर्नु पर्ने र फोटोको मुख नबिग्रिनेगरी वडा अध्यक्षको प्रष्ट सहि र छाप हुनु पर्ने । *(फोटोको साइज (2.5 cm X 3 cm) को हुनपर्ने)* ।

५. नागरिकताको अनुसूची फारममा सिफारिस गर्ने बडा अध्यक्षको नाम थर दस्तखत र छाप प्रष्ट रुपमा देखिने हुनु पर्ने ।

क्रमशः

२०७७/१२/१२
लक्ष्मण ढकाल
... सचिव

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, बारा

# ईलाका प्रशासन कार्यालय

## सिमरा, बारा

फोन नं.
फ्याक्स } ०५३-५२००३३

पत्र संख्या :-
चलानी नं. :-
प्राप्त पत्र संख्या र मिति :-

मिति : २०६८।१२।०८

६. नागरिकताको अनुसूचीमा कार्यालयको छाप प्रस्ट रुपमा देखिनु पर्ने ।

७. वडा अध्यक्षको अनुपस्थितिमा का.वा. वडा अध्यक्षले सिफारिस गर्नु पर्नेमा का.वा. दिएको पत्र अनिवार्य रुपमा नागरिकताको अनुसूची फारम साथ संलग्न गरी पठाइदिनु पर्ने ।

८. नागरिकताको अनुसूचीमा उल्लेख भएका सबै महलहरु अनिवार्य रुपमा गाढा कालो मसि भएको कलमले अनिवार्य रुपमा *नेपाली र अंग्रेजी* दुवैमा भरेको हुनु पर्ने ।

९. नागरिकताको अनुसूचीमा कुनै प्रकारको केरमेट नगरी प्रस्ट संग बुझिने गरी भरी पठाउनु पर्ने ।

१०. नागरिकताको अनुसूचीको महल न. ६,७,८ र ९ बुबा/आमा/पति/पत्नीको नाम, नागरिकता नम्बर र किसिम समेत उल्लेख गरी पठाइदिनु पर्ने ।

११. नया नागरिकता वा नागरिकताको प्रतिलिपि सिफारिश गर्दा निज र निजको परिवार बसाइ सराइ भइ आएको वा अन्यत्र गएको एकिन गर्नु पर्ने ।

१२. अनुसुचीको माप, फोटोको माप र गुणस्तर र अनुसूचीको सबै विवरण नभरिएको खण्डमा त्यस्तो निवेदन/सिफारिस/अनुसूची फिर्ता पठाइने छ ।

∴ सबै वडा कार्यालयलाई पत्राचार गरी- २०६८/१/१ गतेदेखि अनिवार्य रुपमा लागू गर्ने व्यवस्था गर्नु जाउनुहुन ।

२०६८।१२।०८

लक्ष्मण ढकाल
उप सचिव/कार्यालय प्रमुख